# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

सम्पर्क नं.
नगर प्रमुख: ०९१-५६०३८०
प्रमुख प्र.अ. ०९१-५६०११८


## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

( प्रथम पटक प्रकाशित मितिः- २०७७-०५-१७)

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ((प्रधानमन्त्रि रोजगार कार्यक्रम) अन्तर्गत यस टीकापुर नगरपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्ति गर्नु पर्ने भएको हुंदा पदपूर्ति समितिको मिति२०७७-०५-१६ को निर्णय अनुसार तपसिल बमोजिम शर्तहरुको अधिनमा रहने गरी कार्य गर्न इच्छुक योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ ।

| क्र. स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| ०१ | ०१/०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाचौं तह सरह - | १ |

१. आवश्यक न्युनतम योग्यता र अनुभव :-

(क) सिभिल इन्जीनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको

(ख) अनुभव र सिप :

- कम्तिमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सिप भएको,
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धि सिप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेरः- कम्तिमा १८ बर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. दरखास्त दिने स्थान :- टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ।

३. दरखास्त दिने अन्तिम मितिः- (सूचना प्रकासित भएको पन्ध्र दिन )

४. आवेदन दस्तुर :- रु. ४०० टीकापुर नगरपालिकाको नेपाल बैंक लिमिटेड शाखा कार्यालय, टीकापुरमा रहेको आन्तरिक राजश्व खाता नं.१०७०३००००१००१००००१ मा वा नगर कार्यपालिकाको कार्यालयको राजस्व उपशाखामा तोकिएको दस्तुर तिरेको नगदी रसिद ।

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सुची प्रकाशन र लिखित परीक्षा ।

६. आवेदन साथ संलग्न कागजातहरु:- आवेदक स्वयमले प्रमाणित गरेको देहायको बमोजिम कागजातको प्रतिलिपीहरु : नागरिकता, न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ने कागजात, २ प्रति पासपोर्ट आकारको फोटो ।

७. सेवा सुविधाः- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको दफा (११),(१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

**नोटः- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।**

.................................
प्रमुख प्रशासकीय अधिकृत